# *निर्णय नं. ६१८८ - प्रतिवेदन*

भागः **३८** सालः **२०५३** महिनाः **श्रावण** अंकः **४**
फैसला मिति :२०५२/१२/३० १२०३

निर्णय नं. ६१८८ ने.का.प. २०५३

## *एक न्यायाधीशको इजलास*
## *माननीय न्यायाधीश श्री पृथ्वी बहादुर सिंह*
## *सम्वत् २०५२ सालको प्रतिवेदन नं. ....... ५६*
## *आदेश मितिः- २०५२।१२।३०।६*

निवेदकः- नेपाल स्पीनिंग विभिङ्ग एण्ड निटिङ प्रा.लि. ।

विरुद्ध

विपक्षीः- राजश्व न्यायाधिकरण, काठमाडौं ।

निवेदकलाई कर निर्धारण नै नभएको अवस्था हुँदा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) आकर्षित हुन सक्ने नदेखिंने ।

आदेश

राजश्व न्यायाधिकरण काठमाडौं के प्रतिवेदनको व्यहोरा समेत पेश भयो । यसमा अ.बं. १९४ नं. बमोजिमको सुविधा पाउने हो वा होइन भन्ने तर्फ विचार गर्दा आयकर ऐन, २०३१ को दफा ६० मा झुठ्ठा विवरण दाखिल गर्ने करदातालाई कैद र जरिवाना समेतको सजाय हुने व्यवस्था गरिएको पाइन्छ । निवेदन साथ पेश भएको कर निर्धारण आदेश हेर्दा कर दाताको नाम र ठेगानामा नेपाल स्पीनिङ विभिङ एण्ड निटिङ प्रा.लि. विरगंज भन्ने उल्लेख भएको देखियो । राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) मा भएको व्यवस्थाबाट कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम तोकिएको कार्यालयमा दाखिल नगरी पुनरावेदन नलाग्ने हुँदा अ.बं. १९४ नं. बमोजिम लागेको जरिवानाको जेथा धरौट राखी पुनरावेदन दर्ता गर्न नपाउने गरी भएको मिति २०५२।९।३।२ को राजश्व न्यायाधिकरण काठमाडौंको आदेश समेत मिलेन बदर गरी दिएको छ । निवेदकलाई कर निर्धारण नै नभएको अवस्था हुँदा राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) आकर्षित हुन सक्ने देखिएन । तसर्थ अ.बं. १९४ नं. बमोजिम लागेको जरिवाना बापत जेथा जमानी दिए लिई निवेदकलाई तारेखमा राखी कानूनले लाग्ने पुनरावेदन भए दर्ता गरी कानून बमोजिम गर्नु । ।

इति सम्बत् २०५२ साल चैत्र ३० गते रोज ६ शुभम् ..............................।

# भर्खरै प्रकाशित नजिरहरू

- ***१०५२७ - बन्दीप्रत्यक्षीकरण (http://nkp.gov.np/full_detail/9593)***

  ***फैसला मिति : २०७७/०४/२९ | मुद्दा नं : ०७७-WH-००११***

- ***१०५२६ - उत्प्रेषण / परमादेश (http://nkp.gov.np/full_detail/9592)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७६-WO-०९६२***

- ***१०५२५ - कर्तव्य ज्यान (http://nkp.gov.np/full_detail/9591)***

  ***फैसला मिति : २०७७/०४/२१ | मुद्दा नं : ०७५-CR-०८४७***

- ***१०५२४ - परमादेश (http://nkp.gov.np/full_detail/9590)***

  ***फैसला मिति : २०७७/०३/२५ | मुद्दा नं : ०७६-WO-१०२६***

- ***१०५२३ - राज्य विरूद्धको अपराध (http://nkp.gov.np/full_detail/9589)***

  ***फैसला मिति : २०७७/०३/०२ | मुद्दा नं : ०७५-CR-१०९३***

# धेरै हेरिएका नजिरहरु

- ***निर्णय नं: # ९३४६ - मानव बेचबिखन, बालविवाह, जबर्जस्ती करणी (http://nkp.gov.np/full_detail/8389)***

  ***फैसला मिति : २०७१/१०/१९ | मुद्दा नं : ०६७-CR-१२८८***

- ***निर्णय नं: # ९३१७ - हालैदेखिको बकसपत्र लिखत बदर (http://nkp.gov.np/full_detail/8316)***

  ***फैसला मिति : २०७१/०७/१९ | मुद्दा नं : ०६७-CI-०९०३***

- ***निर्णय नं: # ९२७३ - मानाचामल (http://nkp.gov.np/full_detail/8079)***

  ***फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : ०६८-CI-०२१६***

- ***निर्णय नं: # ९२७४ - लागु औषध (नरफिन) (http://nkp.gov.np/full_detail/8080)***

  ***फैसला मिति : २०७१/०५/०५ | मुद्दा नं : २०६७-CR-०९९२***

- ***निर्णय नं: # ९३१९ - उत्प्रेषण (http://nkp.gov.np/full_detail/8363)***

  ***फैसला मिति : 2070/10/20 | मुद्दा नं : ०६९–WS–००३५***